# दंगीशरण गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

## नदिजन्य पदार्थको विक्रिका लागि वोलपत्र आव्हान सम्वन्धी सूचना ।
### प्रथम पटक सूचना प्रकाशन मिति २०८१/९/०५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्विकृत घाटवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल वमोजिमको शर्तको अधिनमा रही वोलपत्र प्रकृयामा विद्युतिय माध्यमवाट सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np वाट सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

आन्तरिक आय ठेक्का विवरण

| क्र.स | वोलपत्र नं | वोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिटमा) | आ.व २०८१/८२ को नदिजन्य पदार्थको विक्रि शुल्क दर घन.फि) | आ.व २०८१/८२ को न्युनतम वोलपत्र रकम ( सेवा शुल्क र मू.अ.कर वाहेक) | धरौटि रकम | वोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | 08-DRM/NCB/2081/82 | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने पातुखोला र ववई दोभान क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल आदि (स्विकृत खानी क्षेत्र वाहेक) | २८३०८५.०४ | ८ | २२६४६८०.३२ | ११३२३४ | ३००० |

ठेक्का सम्वन्धी शर्तहरु:

१.फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, वोलपत्र फारम दस्तुर वापत य : कार्यालयमा नगदै तिरेको वा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको यस कार्यालयको नाममा रहेको ग-१-१ आन्तरिक राजस्व खाता नं २५२०२४७०५२००००१० मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेस गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औ दिनको १२ वजे सम्म विद्युतिय माध्यमवाट वोलपत्र पेस गर्ने चाहने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np वाट वोलपत्र सम्वन्धि कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नुपर्नेछ।

२. वोलपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्टष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कवोल गरेको ५% को दरले हुन आउने धरौटि रकम यस कार्यालयको नाममा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको ग-३ धरौटी खाता नं २५२०२४७०५२००००३ मा जम्मा गरी सोको सक्कल वेंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त क वर्गको वाणिज्य वैंक यस कार्यालयको नाममा वोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वन्ड समेत निवेदन साथ पेश गर्नु पर्नेछ।

३.खरिद गरेको वोलपत्र फरमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप र फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं. मोवाईल नं समेत स्पष्ट खुलाई फर्मको छाप लागाई प्रथम पटक सूचना प्रकाशन भएको

मितिले ३१ औ दिनको १२ वजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np वाट वोलपत्र सम्वन्धि [illegible] डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्नेछ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन। [illegible] आएका वोलपत्र सम्वन्धी कागजातहरु पेस गर्ने अन्तिम दिनको २ वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा [illegible] प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै वोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन।

५.प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले ७ औ दिनको १ वजे दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङमा हुनेछ। इच्छुक वोलपत्रदाताले उक्त वैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ. उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलीपल्ट सोहि समयमा हुनेछ।

६.वोलपत्र सम्वन्धी विस्तृत जानकारी वोलपत्र सम्वन्धि फारममा उल्लेख गरिएको गुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेस हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधार यस कार्यालयमा सुरक्षित हरनेछ।

७.वोलपत्र स्विकृत भएमा सोको सूचना पाइको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अङ्कको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ। दोस्रो किस्ता वापतको ५०% ले हुने रकम नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त क वर्गको वाणिज्य वैंकवाट यस कार्यालयको नाममा मिति २०८२ श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको वैंक ग्यारेन्टी ( परफरमेन्स वण्ड) समेत पेस गरी पट्टा उठाउनु पर्नेछ। साथै वोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा वुझाउनु पर्नेछ। निययमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाजनुपर्नेछ।

८.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरेनेछ। यस गाउँपालिकाको नदी तथआ नदीहरुको गत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्थमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्वन्धित स्थानीय तहवाट जारी भएका कानुन, प्रदेश कानुन तथआ अन्य प्रचलित कानुन वा मापदण्ड र लुम्विनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ वमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

९. माथी उल्लेखित ठेक्काहरुको लागि रु ३००० (तिन हजार) फिर्ता नहुने गरी वोलपत्र फारम खरिद गरी परश गर्नुपर्नेछ।

१०. ठेक्का अवदि सामान्यतया आ.व २०८१/८२ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परिमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हने भएकाले वन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावि गर्न पाईने छैन।

११. उत्खनन स्थलवाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदिजन्य पदार्थ घाटगद्धि गरी प्रमाणित गराई विक्रि गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खनन् को क्रममा डोजर, स्काभेटर, लोडर जस्ता हेभी ईक्युमेन्ट दंगीशरणगाउँकार्यपालिकाको अनुमति वेगर प्रयोग गर्न पाईने छैन।

१२.IEE प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रवाट सामाग्री गत्खनन् गर्न पाईने न तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्रि तथा निकासि गर्न सकिनेछ।

१३.यस सूचनामा उल्लेख भएका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य सर्तहरुका प्रत्येक वुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१४.यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका वोलपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन।

१५. यस सूचना प्रकाशित गरेपछि लुम्विनी प्रदेश सरकारवाट दररेटमा कुनै फेरवदल गरेको खण्डमा कवोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१६. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून वमोजिम हुनेछ।